# आ.ब. २०८०/०८१को लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन




सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

संखुवासभा २०८२

दस्तावेजः सिलीचोङ गाउँपालिका

# लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

**<u>प्रतिवेदन तयार गर्ने (विषय विज्ञ )</u>**

खेमराज निरौला
खाँदवारी नगरपालिका-७, संखुवासभा,
कोशी प्रदेश

असार, २०८२

## विषय सूची

**खण्ड १ परिचय ......पेज नं. १-५**

१.१ पृष्ठभूमि....................................................................................१

१.२ अध्ययनको महत्व..........................................................................२

१.३ लैससास परीक्षणको उद्देश्यहरु...........................................................२

१.४ लैससास परीक्षणले समेटने क्षेत्रहरु ......................................................३

१.५ लैससास परीक्षणको विधि र तरिका .....................................................४

१.६ लैससास परीक्षणका सहभागीहरु..........................................................५

**खण्ड २ तथ्यांङ्क प्रस्तुतिकरण .....पेज नं. ६ -८**

२.१ तथ्याँक प्रस्तुतिकरण र व्याख्या (विभिन्न तालिकाहरुमा....................................६

**खण्ड ३ तथ्यांक विश्लेषण..... पेज नं. ९**

३.१ लैससास परीक्षण विश्लेषण औजारहरु.......................................................१०

३.२ तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण..............................................१०

**खण्ड ४ मुख्य उपलव्धी .....पेज नं. १० -१६**

४.१ लैससास परीक्षणवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था......११

४.२ परीक्षण पश्चात् प्रमुख सूचकहरुले **प्राप्त** गरेका अंकहरुको लेखाजोखा..................................११

४.३ लैससास परीक्षण नतिजाको माकुरी जालो....................................................१२

४.४ शीर्षकगत रुपमा सूचकको उप विषय क्षेत्रानुसार नतिजा.......................................१४

**खण्ड ५. गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नपर्ने पक्षहरु (SWOT) विश्लेषण ............................................................ २०**

**खण्ड ६. लैससास विकास कार्ययोजना ...........................................................२५**

**खण्ड ७. निश्कर्ष, सुझाव, सन्दर्भ सामाग्री र अनुसुचीहरु...................................................३६**

७.१ निश्कर्ष.......................................................................................३६

७.२ सुझाव........................................................................................३७

७.३ सन्दर्भ सामाग्री ..............................................................................३८

७.४ अनुसुचीहरु...................................................................................३९

७.१ लैससास परीक्षणमा सहभागीहरुको नामावली.............................................३९

७.२ लैससास कार्यान्वयन समितिको वनावट...................................................४०

७.३ सवै सूचकहरु अनुसार प्राप्तांक...............................................................४१

# खण्ड - १, परिचय

## .१ पृष्ठभूमि

वि सं २०७२ मा जारी गरिएको नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैंगिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ । नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ ।साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ।सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको; विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको; स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था; योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ।यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

यसै सन्दर्भमा स्थानीय तहद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले

अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रवर्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले "लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ "जारी गरेको छ । सोही दिग्दर्शनको परिधीभित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ खेमराज निरौलाको सहजीकरणमा सिलीचोङ गाउँपालिका संखुवासभाको आ ब २०८०।०८१ को लैससास परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ।

## १.२ अध्ययनको महत्व

लैससासको लागि नेपालको संविधान २०७२ एउटा कोशेढुंगा हो, जसमा महिला, विपन्न, जोखिममा परेका र विभिन्न सामाजिक समूहका जनताहरूलाई समान हक सुनिश्चित गरिएको छ । इतिहासदेखिको विभेदलाई सम्बोधन गर्नका लागि सकारात्मक पहल र लैंगिक, जातजातिको आधारमा गरिने विभेदमाथि प्रतिबन्ध जस्ता असल प्रावधानहरू यसमा रहेकाछन् । स्थानीय सरकार संचालन ऐन २०७४ तथा जेसी सम्बन्धी नीति नियम, निर्देशिका तथा कार्यवधिीहरूले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, वञ्चितीकरणमा परेका समुदायको आफ्नो क्षेत्रसँग सम्बन्धित नीति, योजना, कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा सहभागिता हुनुपर्नेमा जोड दिएको छ । सम्बन्धित क्षेत्रमा महिला, विपन्न र वञ्चितीकरणमा परेको समुदायले कस्ता कठिनाई/बाधा सामना गर्न बाध्य छन् भनी पहिचान गर्नुपर्ने कुरालाई मनन गरिएको छ ।

उल्लेखित परिप्रेक्ष्यमा स्थानीयस्तरमा लैससास सम्बन्धी सवालहरुलाई अत्मासात गर्दै आफुले निर्माण गर्ने नीति, कानुन तथा योजना, कार्यान्वयन गर्ने तौर तरिका, सँस्थागत ब्यवस्था, सेवा प्रवाह र लिनपर्ने उत्तरदियत्वका क्षेत्रमा सिलिचोङ गाउँपालिकाले कति हदसम्म सफल कार्य सम्पादन गरी नतिजा देखाउन सकेको छ र कति हदसम्म कार्य गर्न बाँकी रहेको छ। यी सबै पक्षको लेखाजोखा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले विभिन्न १०० वटा सूचकहरुको माध्यमबाट मापन गरी सफल सूचकहरुको निरन्तरता र असफल सूचकहरुको सफल नतिजाका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्न मार्गनिर्देश गर्ने हुनाले यो लैससास परीक्षण वा अध्ययन महत्वपुर्ण रहेको छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको यो प्रतिवेदन सिलीचोङ गाउँपालिकाका लागि लैससास मुलप्रवाहीकरण गर्ने एक महत्वपुर्ण दस्तावेजको रुपमा रहनेछ ।

## १.३ लैससास परीक्षणको उद्देश्यहरु

लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृतरुपमा स्थानीयकरण गरी मुलत स्थानीय तहले गर्ने सम्पूर्ण क्रियाकलापहरु र विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चितता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका विशिष्ट उद्देश्यहरु यस प्रकार छनः

- स्थानीय तहको लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण भए नभएको तथा लैससास आन्तरिकरणका लागि गरिएका प्रयास र प्रतिवद्धताको मूल्याँकन गर्ने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्यलाई स्थानीय तहको संरचना, नीति, रणनीति र कार्ययोजनाहरुमा विशेष प्राथमिकताका साथ स्थान दिने र आवश्यक आर्थिक तथा मानविय श्रोतको सुनिश्चित गर्ने

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको आधारमा समस्या तथा चुनौतीहरूको पहिचान गरी सो समाधान/सम्बोधनका लागि पृष्ठपोषाण दिने र कार्ययोजना तर्जुमा गर्न सहजिकरण गर्ने ।

## १.४ लैससास परीक्षणले समेटने क्षेत्रहरु

स्थानीय तहमा लैससासको वर्तमान अवस्थाको पहिचान गर्दै समसामयिक समस्या तथा चुनौतिहरुलाई सम्बोधन गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी भएको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ अनुसार यस अध्ययनले समेटिएका मुख्य विषयहरुमा स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार र नेपाल सरकारका प्रतिवध्दताहरू रहेकाछन्। मुलतः लैससास परीक्षणका १०० वटा सूचकहरुमा देहायका पाँचबटा मुख्य विषय क्षेत्रहरु र २२ वटा सहायक विषय क्षेत्रहरु यस परीक्षण वा अध्ययनमा समेटिएको छ:

**तालिका नं. १. सूचकको मुख्य तथा सहायक विषय क्षेत्र**

| क्र.स. | मुख्य विषय क्षेत्र | सहायक विषय क्षेत्र |
|---|---|---|
| १. | नीति, कानून, योजना | • नीति र कानूनमा समावेशिता/सहभागिता<br>• योजना तर्जुमा तथा कार्यान्वयन<br>• बजेट तर्जुमा तथा कार्यान्वयन |
| २. | संस्थागत व्यवस्था | • कर्मचारी पदाधिकारी प्रतिनिधीत्व<br>• कार्यप्रणाली समावेशी<br>• समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व<br>• वित्त व्यवस्थापन प्रणालीमा समावेशिता<br>• तथ्याङ्क सङकलन तथा व्यवस्थापन |
| ३. | मानव संसाधन तथा क्षमता विकास | • मानव संसाधन तथा क्षमता विकास<br>• अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना<br>• कानूनी साक्षरता<br>• विपद व्यवस्थापनमा समावेशिता |
| ४. | सेवा प्रवाह | • पूर्वाधार विकास<br>• प्रजनन् स्वास्थ्य<br>• शिक्षा कार्यक्रम<br>• खानेपानी तथा सरसफाइ<br>• स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन |
| ५. | सुशासन तथा उत्तरदायित्व | • सुशासन<br>• उत्तरदायित्व र जवाफदेहिता<br>• सूचना तथा संचार<br>• अनुगमन तथा मूल्याङ्कन<br>• समन्वय र सम्बन्ध बिस्तार |

## १.५ लैससास परीक्षणको विधि र तरिका

लैंगिक समानता तथा सामाजिक समावेशीकरण विषय बस्तु स्थानीय तहमा नौलो विषय होईन तथापी औपचारिक रुपमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण चाँहि नयाँ विषय भएकाले स्थानीय तह आफैले परीक्षण गर्ने व्यवस्था भए तापनि स्थानीय तह सवैको स्रोत साधन क्षमता र बुझाई एकैस्तरमा नभएकाले शुरुवाती समयमा बाह्यय सहयोगबाट परीक्षण सम्पन्न गरिएको थियो । तर यस बर्षबाट पालिका आफैले आफ्नो स्रोत साधनको प्रयोग गरी लैससास परीक्षण गरी आएका सुझावहरुलाई समेट्दै लैससास प्रवर्दनका क्षेत्रमा सुधार ल्याउन परीक्षण सम्पन्न गरिएको छ। यो परीक्षणको कार्य सम्पन्न गर्न विभिन्न विधी, तौर तरिका अपनाईएको छ जसलाई तीन चरणमा देहाय अनुसार व्याख्या गरिएको छ ।

### १.५.१ तयारी चरण

- पालिका आफैले छनौट गरेको सहजकर्ताबाट यस सिलिचोङ गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र अन्य सरोकारवालाको उपस्थितिमा लैससास परीक्षण सम्बन्धी एक दिने अभीमुखीरण गर्नपर्ने भएकाले सवैलाई समय सूचित गरिएको थियो ।त्यसै दिन लैससास कार्यान्वयन समिति र लैससास परीक्षण कार्यदल निर्माण गर्ने कार्य सम्पन्न गरिएको थियो । गठीत कार्यान्वयन समिति र कार्यदलको विवरण अनुसुचीमा उल्लेख गरिएको छ ।
- पहिलो दिनमा नै गाउँपालिकामा रहेका विद्यमान दस्तावेजहरु जस्तैः गाउँ प्रोफायल, गत बर्ष र चालु बर्षको कार्यक्रम बजेट पुस्तिका, केहि राजपत्रहरु, लैससास सम्बन्धी निर्णयहरु संकलन र केहि अध्ययन तथा कार्यशालाका लागि आवस्यक तयारीको कार्य सम्पन्न गरिएको थियो ।

### १.५.२ कार्यान्वयन चरण

- दोस्रो दिन निर्धारित समयमा अभीमुखिकरण तथा कार्यशाला कार्यक्रम शुरूवात गरिएको थियो । विशेषगरी यस्तो कार्यक्रम कार्यकालको शुरुवातमा हुनपर्ने, सवैलाइ एकै प्रकारको सूचक प्रयोग गर्दा न्यायीक नतिजा नआउने, क्षमता विकासका अन्य कार्यक्रमहरु आउनु पर्ने जस्ता धारणाहरु व्यक्त भएका थिए । कार्यक्रममा वडाध्यक्षहरु कार्यपालिका सदस्यहरु र कर्मचारीहरुको उपस्थिति रहेको थियो ।
- उद्घाटन सत्रपछि लैससासको अवधारणा र सैद्धान्तिक पक्षहरु तथा लैससास परीक्षण सम्बन्धी दुई वटा प्रस्तुतीकरण भई आवस्यक छलफल भएको थियो ।
- लैससास दीग्दर्शन २०७८ अनुसार ५ वटा विषय क्षेत्रहरुः नीति कानुन योजना, सँस्थागत व्यवस्था, मानव संशाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व अन्तर्गत का २०,२० वटा गरी जम्मा १०० वटा सूचकहरूको बारेमा, अंक प्रदान गर्ने विधीको बारेमा र प्रमाणीकरणको बारेमा सहजकर्ताद्धारा संक्षिप्त प्रस्तुतीकरण गरिएको थियो । सामुहिक रुपमा अंक प्रदान गर्न समुह विभाजन, समूह छलफल र सूचक अनुसार अंक प्रदान गर्ने कार्य सम्पन्न गरी समूह प्रस्तुतीकरण भएको थियो । यसरी पाँच वटै समूहले आ आफ्नो विषय क्षेत्रमा दिइएको प्रत्येक प्रस्तुती उपर आवस्यक सल्लाह, सुझाव तथा पृष्ठपोषण समावेश गरी सवै सूचकहरुमा भएको मापन कार्यलाई अन्तिम रुप दिईएको थियो ।
- दोस्रो दिन अघिल्लो दिनकै समुहमा बसि पाँच वटै विषय क्षेत्रहरुको सवल पक्ष, कम्जोर पक्ष, अवसर र चुनौती (SWOT) को समूह कार्यमार्फत विक्ष्लेषण गरिएको थियो ।

- सवै सुचकहरुको मापनको प्रारम्भिक नतिजा र सवल पक्ष, कम्जोर पक्ष, अवसर र चुनौतीको विश्लेषणाका आधारमा कम्जोर सुचकहरुको सुधारका लागि कार्ययोजना निर्माण गरिएको थियो र निर्णायक तहबाट यसको कार्यान्वयनका लागि प्रतिबद्दताका साथ दुई दिने कार्यशाला सम्पन्न भएको थियो ।

### १.५.३ प्रतिवेदन चरण

कार्यशालाका सहभागीहरूबीच भएको छलफलबाट आएको निचोड, सूचकले प्राप्त गरेका अंकहरु र दस्तावेजहरुको विश्लेषणबाट प्राप्त सूचनाहरुका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।मुख्यगरि देहाय बमोजिमका तालिका तथा औजारहरु समेटेर प्रतिवेदन तयार गरिएको छ:

१ लैगिक समानता र सामाजिक समावेशीकरणको मूल्याङ्कनका सूचक र मापनका अवस्थाहरू
२ शीर्षकगत प्रासाङ्क तालिकीकरण
३ माकुरी जालोको नमूना चित्र
४ लैससास परीक्षण नतिजा बारचार्ट
५ पालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था
६ स्थानीय तहको लैससास अवस्थाको लेखाजोखा सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू
८ लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना

## १.६ लैससास परीक्षणका सहभागीहरु

यस सिलीचोङ गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने कार्यमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विषयगत शाखा प्रमुखहरु र अन्य कर्मचारीहरु गरि जम्मा २१ जनाको सहभागीता रहेको थियो । सहभागीहरुको विवरण अनुसूचीमा दिईएको छ ।

# खण्ड -२ तथ्याँङ्क प्रस्तुतिकरण र व्याख्या

## २.१ सिलीचोङ गाउँपालिकाको संक्षिप्त परिचयः

सिलिचोङ गाउँपालिका नेपालको संबिधान अनुसार राज्य पुनसंरचना हुँदा संखुवासभा जिल्लाका सुदुर पुर्वोत्तरका साविक सिसुवाखोला, बाला, माङ्तेवा, ताम्कु र याफु गा. वि.स. हरु समावेश गरी गठन भएको हो । भौगोलिक रुपमा विकट भएतापनि सामाजिक, साँस्कृतिक र रहनसहनले भरिपूर्ण यस गाउँपालिका वातावारणीय दृष्टिकोणले बसोबासको लागि उत्कृष्ट रहेको छ । यस क्षेत्रमा पर्ने रमणीय सिलिचोंग हिमालको नामबाट यस गाउँपालिकाको नाम सिलीचोंग रहन गएको हो । ५ वटा वडाहरु र ५०१.८९ वर्ग कि.मी. क्षेत्रमा फैलिएको यस गाउँपालिकाको सिमाना तथा नक्शा देहाय अनुसार रहेको छ ।

- पूर्व : चिचिला र मकालु गाउंपालिका
- पश्चिम : सोलुखम्बु जिल्ला
- उतर : मकालु गाउंपालिका
- दक्षिण : भोजपुर जिल्ला



यस गाउंपालिकाको दक्षिण सीमानामा अरूण नदी पर्दछ भने मुख्य नदीको रुपमा संखुवा खोला रहेको छ । यसका अलवा सिसुवा खोला पनि रहेको छन्, पूर्ण भू-भाग मकालु वरुण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्ने यसपालिका को उतरी सीमानामा चाम्लाङग, दिग्लिंग, संखुवासीर र नौले यस गाउंपालिका क्षेत्रभित्र हिन्दु, बौद्ध, क्रिस्चियन र किरात धर्मका मानिसहरुको बसोवास रहेका छ । यस गाउंपालिकाका क्षेत्रभित्र दशैं, तिहार, साउने संग्क्रान्ति, संसारी पूजा, ल्होसार, चाक्चाकुर, उधौली, उभौली , भूमी पुजा, आइतवारे पूजा लगायतका चाडपर्वहरु मनाउने गरिन्छ । विविध चाडपर्वहरु यस क्षेत्रको परिचायक भए पनि मुख्य रुपमा कुलुङ, मेवाहाङ, थुलुङ, दुमी, चाम्लिङ, खालिङ, साम्पाङ र बान्तवा जाति लगायत शेर्पा, तामाङ, विस्वकर्मा र दमाई जातिहरुको वाहुल्यता रहेको छ । यस गाउँपालिकामा क्षेत्री र ब्राहमण जातिहरू भने नगन्य रुपमा रहेका छन् ।

## २.२ तालिका नं. २ वडा अनुसार जनसंख्या वितरणः

| वडा नं. | क्षेत्रफल | महिला संख्या | पुरुष संख्या | जम्मा जनसंख्या | मुख्य बस्ति |
|---|---|---|---|---|---|
| १ | १०४.९९ | १२२३ | ११६० | २३८३ | सिसुवा |
| २ | ८१.८९ | १२५३ | १२५६ | २५०९ | बाला |
| ३ | १५५.१४ | १३१८ | १२७२ | २५९० | ताम्कु |
| ४ | २८.२६ | ८९३ | ९०८ | १८०१ | माङतेवा |
| ५ | १३१.६१ | ५२४ | ४८९ | १०१३ | याफु |
| जम्मा | ५०१.८९ | ५२११ | ५०८५ | १०२९६ | |

*स्रोतः राष्ट्रिय तथ्यांक विभाग २०७८*

## २.३ तालिका नं. ३ जातीय आधारमा जनसंख्याको विवरण

| क्र.सं. | जातजाती | जम्मा जनसंख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कुलुङ | ७४०१ | ६३.३३ | |
| २ | मेवाहाङ | २०१४ | १७.२३ | |
| ३ | राई | ८९४ | ७.६५ | |
| ४ | विश्वकर्मा | ३१६ | २.७० | |
| ५ | तामाङ | २३८ | २.०४ | |
| ६ | क्षेत्री | २०२ | १.७३ | |
| ७ | शेर्पा | १७२ | १.४७ | |
| ८ | अन्य | ४४९ | ३.८५ | |
| जम्मा | | ११६८६ | १०० | |

*स्रोतः गाउँ पार्स्वचित्र, सिलीचोङ*

## २.४ लैससासको दृष्टिले केहि तथ्यहरुको विश्लेषण

लैससास परीक्षणको क्रममा यस गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारी, स्थानीयहरुसँगको अन्तरक्रिया कार्याशाला गोष्ठी र व्यक्तिगत अवलोकनका आधारमा हेर्दा सिलीचोङमा लैससास प्रवर्द्धनका धेरै प्रयासहरु भएको देखिन्छ । गाउँपालिकाबाट उपलब्ध गराईएका गाउँ पार्स्वचित्र, बार्षिक योजना किताव, गाउँपालिका आफुले नर्माण गरेका ऐन, कानुन तथा कार्यविधीहरुको अध्ययनबाट प्राप्त  सूचनाहरुको आधारमा देहाय अनुसार लैससास प्रवर्दनका गतिविधी तथा तथ्यहरु प्राप्त भएकाछन् ।

- आ.ब. २०८०/०८१ को बजेट तथा कार्यक्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फ रु. १५६००००।बराबरको १४ वटा कार्यक्रम गाउँसभाले निर्णय गरेको छ । यसमा खासगरी बालबालिका, ज्येष्ठ नागरिक, जनजाती, दलित, अपाङ्गता रोकथाम, लैंगिक हिंसा विरुद्धका अभियान, महिला सीप विकास, सशक्तिकरण तथा क्षमता विकासका कार्यक्रमहरु समावेश गरि कार्यान्वयन गरेको छ । त्यस्तैगरि स्थानीय भाषामा पठनपाठनका लागि पाठ्यक्रम विकास गर्ने लगायत शिक्षा, स्वास्थ्य शीर्षकमा विभिन्न लक्षित कार्यक्रमहरु संचालन भएको पाईयो ।
- गाउँपालिकाको आन्तरिक व्यवस्थापनका कार्यहरु सम्पादन गर्न कानुन सम्वद्द गठित विभिन्न समिति, उपसमिति, कार्यदल र विकास निर्माणका कार्य संचालन गर्न गठन हुने उपभोक्ता समिति, निर्माण समिति, समुह जस्ता सँस्थाहरुमा ३३ प्रतिशत भन्दा बढी लक्षित समुदायको प्रतिनिधीत्व हुने गरेको पाईयो ।
- बालक्लवहरुको संख्या जम्मा ३० वटा जसमा ९२ बालक र ७७ बालिकाको सहभागिता रहेको छ ।
- पाईपको धाराबाट खानेपानी खाने परिवार ९६ प्रतिशत छ ।
- अझैपनि ९८ प्रतिशत भन्दा बढी परिवारहरुको खाना पकाउन दाउराको प्रयोग भईरहेको छ ।
- महिला स्वास्थ्य स्वयमसेविकाहरुको संख्या ४४ रहेको छ ।

# खण्ड - ३ तथ्यांक विश्लेषण

## ३.१ लैससास परीक्षण विश्लेषण औजारहरु

कुनैपनि अध्ययन अनुसन्धानहरुबाट प्राप्त भएका नतिजालाई बढी आकर्षित र सबैले सहज तरिकाले बुझ्न सक्ने गरि विश्लेषण गरी प्रस्तुत गर्न विभिन्न प्रकारका विश्लेषण औजार तथा तौर तरिका वा विधीको प्रयोग गर्ने गरिन्छ । सिलिचोङ गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने क्रममा मुख्यगरि देहाय अनुसारका औजार तथा विधीहरु प्रयोग गरी तथ्यांक विश्लेषण गरिएको छ ।

### ३.१.१ सन्दर्भ सामाग्रीहरुको अध्ययन

पालिकाको समग्र अवस्थाको जानकारी लिई लैससास परीक्षणमा सूचकहरुले प्राप्त गर्न सक्ने अंकहरु प्रदान गर्दा पुष्टयाईंका आधारहरु चाहिने भएकाले पुष्टयाईंका आधारहरु भएका गाउँपालिकाको प्रोफायल, योजना किताव, नीति कानुन तथा कार्यविधीहरु, कार्यपालिका तथा सभाका निर्णयहरु र प्रगति प्रतिवेदनहरुको अध्ययन गरिएको थियो ।

### ३.१.२ कार्यशाला तथा छलफल

कार्यशालालाई पनि यस लैससास परीक्षणमा सूचनाहरु संकलन गर्ने विधी र औजारको रुपमा लिन सकिन्छ । यस गाउँपालिकाको लैससास परीक्षण गर्दा सरोकारवालाहरुको उपस्थितिमा दुइ दिनको कार्यशाला आयोजना गरिएको थियो । यसमा खासगरि मुख्य पाँच वटा सूचक क्षेत्रमा छलफल गर्न साना साना ५ वटै समूह विभाजन गरी सूचकहरुका बारेमा व्यापक छलफलले अंक प्रदान गरेको थियो ।यस प्रकारको छलफलबाट आएको निष्कर्षहरुले तथ्यांक विश्लेषण गर्न सहज भएको थियो ।

### ३.१.३ SWOT विश्लेषण

यस औजारले खासगरि कुनैपनि सँस्था वा विषय वा क्रियाकलापहरुको सवल पक्ष (Strengths), कम्जोर पक्ष (Weakness), अवसर (Opportunities), चुनौती (Threats) (SWOT) विश्लेषण गर्दछ । यस पालिकाको लैससास परीक्षण गर्न यो औजार पनि प्रयोग गरिएको छ । सबै सूचकहरुको सामूहिक मापनपछि प्राप्त अंकहरुको आधारमा मुख्य विषय क्षेत्रहरुः नीति कानुन योजना, सँस्थागत व्यवस्था, मानव संशाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्वको सामूहिक रुपमै SWOT विश्लेषण गरिएको थियो ।

### ३.१.४ रेखाचित्र, स्तम्भचित्र तथा तालिकाहरु

लैससास परीक्षणको क्रममा प्राप्त नतिजाहरुलाई मुख्य क्षेत्र, उप क्षेत्र अनुसार विश्लेषण गर्न माकुरी जालो, स्तम्भ चित्र तथा विभिन्न तालिकाहरुको प्रयोग गरी प्रतिवेदन तयार गरिएको छ ।

# खण्ड — ४ मुख्य उपलब्धि (Findings)

## ४.१ लैससास परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलयद्धारा जारी लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शनको आधारमा उल्लेखित विधी अपनाई सिलीचोङ गाउँपालिकाको आ.ब.२०८०।०८१ को लैससास परीक्षण सम्पन्न गरिएको छ । यस परीक्षणले सिलिचोङ गाउँपालिकाले लैससासको क्षेत्रमा गरेका क्रियाकलापहरुलाई उजागर गरेको छ । यो परीक्षणले गाउँपालिकाले महिला तथा लक्षित वर्गको विकासका लागि गरेका राम्रा, नराम्रा तथा गर्न बाँकी रहेका कार्यहरुलाई सबैसामु ल्याउने कार्य गरेको छ । यसले आगामी दिनमा लैससासको क्षेत्रमा कार्ययोजना बनाई कार्यान्वयन गर्न नयाँ आधार पनि तय गरेको छ ।

### ४.१.१ परीक्षण पश्चात् प्रमुख सूचकहरुले प्राप्त गरेका अंकहरुको लेखाजोखा

सिलिचोङ गाउँपालिकाले लैससास परीक्षण विधी अनुसार आ.ब. २०८०।०८१ को लैससास परीक्षण गरेको छ । यसमा खासगरी पालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा गरेका कामहरु जस्तैः पालिकाले बनाएका नीति कानुन तथा योजनामा लैससास समावेश छ छैन, यस सम्बन्धी काम गर्ने सँस्थागत व्यवस्था गरेको छ छैन, सेवा प्रवाह लैससास मैत्री छ छैन, क्षमता विकास, सुशासन तथा उत्तरदयित्व लगायतका मुख्य विषय हरु समेटेर बनाएको १०० वटा सुचकहरु र यसैभित्रका मुख्य ५ विषय क्षेत्र र २२ उप विषय क्षेत्रमा गरेको परीक्षणको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ शिर्षकगत प्रासांक विवरण**

| क्र.स. | सूचक र उप-सूचकहरु | पूर्णाङ्क | कुल प्राप्ताङ्क | प्रतिशत | नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति कानुन योजना | २० | १०.५ | ५३% | **सामान्य** |
| २ | सँस्थागत व्यवस्था | २० | १२.५ | ६३% | **उत्तम** |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | १२.० | ६०% | **उत्तम** |
| ४ | सेवा प्रवाह | २० | ९.० | ४५% | **सामान्य** |
| ५ | शुशासन तथा तथा उत्तरदायित्व | २० | १३.० | ६५% | **उत्तम** |
| | **जम्मा** | **१००** | **५७.०** | **५७.०%** | |

माथिको तालिका अनुसार यस पालिकाले सँस्थागत व्यवस्था र सुशासन तथा उत्तरदायित्वको क्षेत्रमा राम्रो कार्य गरिरहेको भए तापनि नीति कानुन तथा योजना बनाउँदा, मानव संसाधन तथा क्षमता विकासका कार्य गर्दा र सेवा प्रवाह गर्दा लैससासको दृष्टीकोणले अझ काम गर्न बाँकी रहेको देखिन्छ ।यस तालिकामा दिइएको तथ्यलाई हेर्दा १९ प्रतिशत सुचकहरु पुरै शुन्य अवस्थामा देखिन्छ भने ४८ प्रतिशत सूचकहरुमा आधा भन्दा बढी काम गर्न बाँकी रहेको छ । पुरा अंक प्राप्त भएका सूचकहरुको पनि निरन्तरता आवस्यक छ । ५ मुख्य विषय क्षेत्र मध्ये २ वटा क्षेत्रमा सामान्य र बाँकी ३ वटा क्षेत्रमा उत्तम अवस्था रहेको छ । समग्रमा ५७ प्रतिशत अंक प्राप्त भएको छ जुन सामान्यको अब्बल अवस्थाको अंक हो । सामान्य विषय क्षेत्रसँग सम्बन्धित सूचकहरुको सुधारका लागि आवस्यक स्रोत साधन सहितको कार्ययोजना बनाई कार्यान्वयन गर्नपर्ने देखिन्छ ।

## ४.१.२ लैससास परीक्षण नतिजाको माकुरी जालो

सिलीचोङ गाउँपालिकाको लैंगिक समानता तथा समावेशीकरण परीक्षण पालिकाकै जनप्रतिनिधीहरु र कर्मचारीहरुको सहभागितामा स्व मुल्याङ्कन गरिएको थियो । प्रदेश प्रशिक्षण केन्द्रको सहजिकरणमा भएको उक्त परीक्षणबाट आएका मुख्य विषयक्षेत्रको नतिजालाई सवैले बुझ्ने गरि माकुरी जालो (Spider Diagram) को मभध्यमबाट प्रस्तुत गरिएको छ । माकुरी जालोको भित्री भागमा अंक सहित पहेंलो रेखाले पाँच वटै सूचकको प्राप्तांक देखाएको छ भने बाहिरी भागको निलो घेराले सूचकहरुको पुर्णांक देखाएको छ ।

त्यसै गरि यहि मुख्य विषय क्षेत्र अनुसारका सूचकहरुमा प्राप्त भएका अंकहरुलाई स्तम्भ चित्रको माध्यमबाट पनि प्रस्तुत गरिएको छ । यसमा गाढा स्तम्भहरुले तत्तत् विषय क्षेत्रको पुर्णांक देखाएको छ भने हल्का रंगको स्तम्भले प्राप्तांकलाई देखाएको छ ।






### ४.१.३ शीर्षकगत रुपमा सूचकको उप विषय क्षेत्रानुसार नतिजा

यस पालिकाको लैससास परीक्षणबाट आएका २२ वटा उप विषयक्षेत्रको नतिजालाई पनि तालिका नं. ६ मा माकुरी जालो (Spider Diagram) को माध्यमबाट प्रस्तुत गरिएको छ । माकुरी जालोको भित्री भागमा अंक सहित पहेंलो रेखाले पाँच वटै सूचकको प्राप्तांक देखाएको छ भने बाहिरी भागको निलो घेराले सूचकहरुको पुर्णांक देखाएको छ । त्यस्तैगरि यहि मुख्य विषय क्षेत्र अनुसारका सूचकहरुमा प्राप्त भएका अंकहरुलाई स्तम्भ चित्रको माध्यमबाट पनि प्रस्तुत गरिएको छ । यसमा गाढा स्तम्भहरुले तत्तत् विषय क्षेत्रको पुर्णांक देखाएको छ भने हल्का रंगको स्तम्भले प्राप्तांकलाई देखाएको छ । यस प्रकारको विश्लेषणहरुले विषय क्षेत्रगत नतिजालाई प्रष्ट रुपमा देखाएकाले आगामी दिनमा ती सूचकहरुको सुधारका लागि गाउँपालिकालाई योजना बनाउन सहयोग पुर्याउने देखिन्छ ।






**तालिका नं. ६ शिर्षकगत (सहायक विषय क्षेत्र) रुपमा प्रासांकको विवरण**

| क्र.स. | सूचक र उप- सूचकहरु | पूर्णाङ्क | कुल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीति र कानूनमा समावेशिता/सहभागिता | ८ | ६.५ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ३.० |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | १.० |
| ४ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | ३.० |
| ५ | कार्यप्रणाली समावेशी | ४ | २.५ |
| ६ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २.५ |
| ७ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ३.५ |
| ८ | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | ४ | १ |
| ९ | मानव संसाधन तथा क्षमता विकास | ८ | ४.५ |
| १० | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना | ४ | ३ |
| ११ | कानूनी साक्षरता | ४ | २ |
| १२ | विपद व्यवस्थापनमा समावेशिता | ४ | ३.० |
| १३ | पूर्वाधार विकास | ४ | २ |
| १४ | प्रजनन् स्वास्थ्य | ४ | २.५ |
| १५ | शिक्षा कार्यक्रम | ४ | २.५ |
| १६ | खानेपानी तथा सरसफाइ | ४ | १.५ |
| १७ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | १ |
| १८ | सुशासन | ४ | २ |
| १९ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३ |
| २० | सूचना तथा संचार | ४ | ३.० |
| २१ | अनुगमन तथा मूल्याङ्कन | ४ | ४ |
| २२ | समन्वय र सम्बन्ध बिस्तार | ४ | १.५ |
| | **जम्मा** | **१००** | **५७.०** |

| सारांश | | |
|---|---|---|
| **क्र स** | **विवरण** | **संख्या** |
| १ | "०" प्राप्त गर्ने सुचक संख्या | १९ |
| २ | "०.५" प्राप्त गर्ने सुचक संख्या | ४८ |
| ३ | "१" प्राप्त गर्ने संख्या | ३३ |

# खण्ड - ५ सबल पक्ष, कम्जोर पक्ष, अवसर र चुनौतीहरु (SWOT) को विश्लेषण

यस गाउँपालिकाको आ.ब. २०८०।०८१ को लैससास परीक्षण गर्ने क्रममा समूहिक रुपमा प्रदान गरिएको सवै सूचकहरुले प्राप्त गरेको प्राप्तांकको आधारमा लैससासभित्रै रहेर पाँच वटै मुख्य विषय क्षेत्रानुसार सबल पक्ष, कम्जोर पक्ष, अवसर र चुनौतीहरु (SWOT) को विश्लेषण गरिएको छ । यसरी सामूहिक रुपमा तयार गरिएको लैससास को अवस्था निम्नानुसार प्रस्तुत गरिएको छ ।

| मुल शीर्षक | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| नीति,कानुन , योजना | • गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा महिला तथा अन्य लक्षित वर्गको कार्यक्रमहरु समेटीने गरेको।<br>• योजना तर्जुमा प्रक्रियामा टोलस्तरमा विभिन्न समुदायसँग छलफल हुने गरेको।<br>• लैंगिक दृष्टिकोणले महिला पुरुष विच समान कामको समान ज्यालादर भएको।<br>• अपाङ्गता रोक्थाम तथा पुनस्थापना कार्यविधी निर्माण गरी लागु गरेको ।<br>• अपाङ्गता परिचय पत्र, जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका भएको ।<br>• महिला हिंसा र विभेदबाट हुने घटनाहरुको सुनुवाई न्यायीक समिति मार्फत हुने गरेको। | • छुट्टै लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति नभएको ।<br>• प्रयास नीति तथा कानुनहरु निर्माण हुन नसक्नु ।<br>• योजना तर्जुमा तथा अनुगमन मुल्याङ्कनलाई लैससासको दृष्टिले हेर्ने नगरेको ।<br>• लक्षित वर्गको पहिचान तथा सुची तयार नभएको ।<br>• पालिकाले निती नियम कार्यबिधी योजना जारी गर्नुभन्दा अगाडी लैससास को दृष्टिले उपयुत्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगर्नु ।<br>• निश्चित प्रतिशत बजेट लैससास प्रवर्द्धनमा नछुट्याउनु । | • आवश्यक पर्ने कानुन नीति नीयम आफै वनाउन सकिने अधिकार स्थानीय तहमा रहनु।<br>• दीर्घकालीन सोँच सहितको विकासप्रेमी युवा जनप्रतिनिधी हरु हुनु ।<br>• सवै समुदाय बिच सामाजिक र स्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त अवसर रहेको ।<br>• विद्यमान ऐन, कानुन, नीति, कार्यविधीहरुको पुर्ण प्रयोग गर्ने अवसर । | • विज्ञ जनशक्तीको व्यवस्थापन<br>• भौगोलिक जटिलता<br>• छुवाछूत, लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत कु मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटीलता।<br>• लैससास सम्बन्धी नीतिगत विषयहरु सरोकारवालालाई बुझाउन ।<br>• मागमा आधारीत अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन । |

| | | | | |
|---|---|---|---|---|
| संस्थागत व्यवस्था | • पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितीमा परेका समुदायको प्रतिनिधित्व हुने गरेको<br>• आदिवासी जनजाती, दलित तथा अन्य लक्षित समुह र महिलाहरुका लागि बजेट तथा कार्यक्रमको व्यवस्था गरेको ।<br>• सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही र पञ्जीकरणको अभिलेख व्यवस्थापन र तथ्यांक अध्यावधिक गर्ने गरेको ।<br>• खण्डीकृत तथ्यांक सहितको गाउँ प्रोफायल तयार भएको । | • गाउँपालिकाको निर्णायक तहमा ५० प्रतिशत महिला सहभागिता नहुनु ।<br>• लैससास बढाउनका लागि निश्चित कार्यनीति नभएको ।<br>• लैससास हेर्ने लैंगिक विकास डेस्क तथा कुनै कार्यान्वयन समिति नएको।<br>• लैंगिक हिंसा नियन्त्रणका लागि कुनै आचार संहिता तथा कोषको व्यवस्था नहुनु ।<br>• लैससास सम्बन्धी धैरै काम गरे पनि अभिलेख व्वस्थित हुन नसक्नु । | • आवस्यकताका आधारमा लैससास सम्बन्धी कानुन, योजना, कार्यक्रम बनाउने र कार्यान्वयन गर्न आवस्यक सँस्थागत व्यवस्था गर्ने स्रोत साधन तथा अधिकार स्थानीयस्तरमा नै रहनु । | • आवस्यक जनशक्ती व्यवस्थापन ।<br>• खण्डीकृत तथ्यांकहरु अद्यावधिक गर्न । |
| मानव संसाधन तथा क्षमता विकास | • स्वास्थ्य कार्यक्रमहरु कार्यान्वयन गर्नेमा जिल्लाको उत्कृष्ट पालिका घोषित ।<br>• सामाजिक विभेद, कुरीति, बाल विवाह घटाउने खालका केहि कार्यक्रमहरु संचालन भएको ।<br>• लैंगिक हिंसा सम्बन्धी १६ दिने अभियान संचालन गरेको । | • दरवन्दी अनुसार दक्ष जनशक्ती अभाव<br>• लैससास विकासमा भन्दा पूर्वाधार विकासमा जोड दिनु।<br>• सेवाग्राहीको चासोमा कमी ।<br>• लैससास विकासका लागि क्षमता विकास कार्ययोजना नहुनु ।<br>• मानव संसाधन विकास केन्द्र वा शाखा नहुनु ।<br>• लैससास सम्बन्धी दीगो विकासको लक्ष्य, बेजिङ् घोषणा पत्र, संयुक्त राष्ट्र संघ लगायतका प्रतिबद्धताहरु को अभीमुखकरण तथा स्थानीयकरण हुन नसक्नु ।<br>• कानुनी सचेतना कार्यक्रमहरु संचालन गर्ने नगरेको ।<br>• समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु नभएको । | • जनप्रतिनिधीहरु तथा कर्मचारीहरुमा लैससास सम्बन्धी विषयमा जागरुकता बढेको ।<br>• पूर्वाधार विकास सँगसँगै विस्तारै सामाजिक तथा मानविय विकासमा दोस्रो प्राथमिकतामा रहेको ।<br>• लैससासमैत्री पालिका घोषणा तयारीका कार्यहरु गर्न सक्ने । | • स्थानीय स्तरमा लैससास सम्बन्धी अवधारणाबारे जानकारी नहुनु ।<br>• आधुनिक सूचना प्रविधीको दुरुपयोगका कारण हुने सामाजिक विक्रीती ।<br>• समाजमा जरा गाडेर रहेका सामाजिक कुरितिहरु । |
| सेवा प्रवाह | • प्रवाह गरिएको सेवाको नियमित अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन हुने गरेको । | • काम सम्पन्न भएपनि प्रतिवेदन तथा अभिलेख चुस्त दुरुस्त नहुनु । | • लैससास सम्बन्धी रहेका कम्जोरीहरुलाई सुधार्न नीति | • लैससास अवधारणाको बारेमा जनप्रतिनिधी, |

| | | | | |
|---|---|---|---|---|
| | • स्थानीय स्रोत साधन तथा जनशक्तीको अधिकतम उपयोग गरिएको ।<br>• लक्षित समुदायमा बैकल्पिक उर्जा प्रयोग सम्बन्धी कार्यक्रमहरु संचालन भएको ।<br>• महिलाहरुको प्रजनन स्वास्थ्य सम्बन्धी कार्यकमहरु संचालन गरिएको ।<br>• जनस्वास्थ्य प्रवर्द्धनका विशेष कार्यक्रमहरु जस्तैः परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण, किशोरी शिक्षा, यौन शिक्षा, आँग खस्ने, स्तन क्यान्सर लगायतका विषयहरु संचालन गरेको ।<br>• विद्यालय जाने उमेरका प्राय सवै बालबालिका विद्यालय भर्ना हुने गरेको।<br>• साक्षर पालिका घोषणा भएको ।<br>• खुला दिसामुक्त पालिका घोषणा भएको ।<br>• घरघरमा धाराको शुद्ध पिउने पानीको वयवस्था भएको । | • सचेतनामूलक कार्यक्रमहरुको कमी।<br>• लैससासमैत्री संवेदनशील पूर्वाधार निर्माणको प्रावधान नहुनु ।<br>• सुपथमुल्य सहकारीहरुको व्यवस्था नहुनु ।<br>• जेसी नीति नबनेको<br>• बैदेशिक रोजगारीमा जान चाहनेलाई सीप विकास तालिमको आयोजना नहुनु ।<br>• फोहोरमैला संकलन तथा व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम नहुनु।<br>• अलग्गै स्तनपानको व्यवस्था नहुनु । | तथा कार्यक्रम राख्न सक्ने ।<br>• सुरक्षित मातृत्व र स्वास्थ्य विमा कार्यक्रममा सवैको पहुँच सुनिश्चित गर्न सकिने ।<br>• सुपथमुल्य पसल संचालन गर्न सकिने ।<br>• | कर्मचारी तथा अन्य सरोकारवालाहरुको बुझाईमा एकरुपता नहुनु ।<br>• संघिय नीति र स्थानीय नीतिमा तादाम्यता नहुनु । |
| **सुशासन तथा उत्तरदायित्व** | • जनप्रतिनिधी तथा कर्मचारीको आचारसंहिता निर्माण र पालना भएको ।<br>• वार्षिक कार्यक्रम तथा नीति कार्यविधिहरु वेभसाइड तथा पत्र पत्रिकामा सार्वजानिक गर्ने गरेको।<br>• चेतनामूलक सूचना, शिक्षा तथा संचार सम्बन्धी कार्यक्रम गर्ने गरेको ।<br>• संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकाले सहकार्य, समन्व र सहजीकरण गरेको । | • शुसाशन तथा उत्तरदायित्वका सम्बन्धमा अनुशिक्षण नभएको ।<br>• सरोकारवालाहरुको सञ्जाल निर्माण नहुनु ।<br>• कानुनले निर्दिष्ट गरेबमोजिम सार्वजानिक लेखापरीक्षण, सामाजिक परीक्षण, सेवा प्रवाहको सन्तुष्टि सर्वेक्षण तथा सार्वजानिक सुनुवाई नहुनु।<br>• राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु कार्यान्वयनका लागि कार्यक्रम तथा | • सँस्था दर्ता कार्यविधी आएपछि लैससासका क्षेत्रमा काम गर्ने स्थानीय सँस्थाहरु दर्ता हुन थालेको ।<br>• केहि कानुनहरु निर्माण भैसकेकाले कार्यक्रमहरु कार्यान्वयन गर्न सहज हुने । | • लैससास का कार्यक्रमहरु लक्षित समुदायसम्म पुग्न कठीन ।<br>• भौगोलिक विकटता तथा चरम गरिवीको चपेटा । |

| | | | | |
|---|---|---|---|---|
| | • लक्षित वर्गको उपस्थितिमा लक्षित योजनाका वारेमा छलफल हुने गरेको ।<br>• समावेशिता सम्वन्धि कार्यक्रमहरु नीयमित रुपमा रेडियो पत्रपत्रिकाहरुमा प्रकाशन प्रशारण हुने गरेको ।<br>• सार्वजानिक लेखापरीक्षण तथा सार्वजानिक सुनुवाई हुने गरेको ।<br>• स्थानीय संघ सँस्थाहरुसँग समन्वय तथा सहकार्य हुने गरेको । | बजेट विनियोजन नहुनु ।<br>• बाह्य विज्ञको सहायतामा सामाजिक तथा व्यवस्थापन परीक्षण नहुनु ।<br>• स्थानीय भाषा प्रवर्द्धन का कार्यक्रमहरु नराखिनु ।<br>• भए गरेका कामहरुको दस्तावेजीकरणमा कमी रहेको ।<br>• लैससास सम्बन्धी क्षमता विकास तालिम नहुनु ।<br>• लैससास सम्बन्धी कार्यहरुको अनुगमन तथा मुल्याङ्कन नभएको ।<br>• लैससासको सवलहरु सम्बन्धमा यथेष्ट अध्ययन तथा अनुसन्धानको कमी रहेको ।<br>• गाउँपालिकाको वेभसाईट निश्चित समयमा अद्यावधिक नहुनु । | | |

# खण्ड -६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलयको मस्यौदा लैंगिक समानता तथा सामाजिक समावशीकरण परीक्षण दिग्दर्शनको आधारमा सिलीचोङ गाउँपालिकाको आ.ब.२०८०/०८१ को लैससास परीक्षण सम्पन्न गरिएको छ । परीक्षणले पालिकाले लैससासको क्षेत्रमा निर्माण गरेका नीति कानुन योजना, कार्यान्वयन गर्ने सँस्थागत व्यवस्था, आवस्यक क्षमता र क्रियाकलापहरु कार्यान्वयनका नतिजाको बर्तमान अवस्था उजागर गरेको छ । सुचकहरुको प्रासांक अनुसार राम्रा नतिजाको निरन्तरता र कम्जोर नतिजाका सुचकहरुको सुधारका लागि लैससासको क्षेत्रमा कार्ययोजना बनाई कार्यान्वयन गर्न अपरिहार्य रहेको छ । त्यसैले पालिकाका सवै सरोकारवालाहरुको सहभागीता र सहमतीमा आगामी बर्षका लागि पाँच वटा मुल विषय क्षेत्रहरुमा आधारित भई देहाय अनुसारको लैससास विकास कार्ययोजना तयार गरिएको छ ।

## सिलीचोङ गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना २०८२

| मूल शिर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने /नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| सुचक | प्रासाङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **१.नीति कानुन र योजना** | | | | | | | | |
| स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे \नगरेको । | ० | प्रत्येक नीति कानुन कार्यविधि योजना जारी गर्नु भन्दा पहिले कार्यपालिकाको बैठकमा मस्यौदा प्रस्तुत गर्दा लैससास का दृष्टिले उपयुक्त भए नभएको लेखा जोखा गरेर मात्र पेश गर्ने । | विधायन समिति, प्र. प्र.अ. | कार्यपालिका / सभा | गाउँपालिका कार्यालय | निरन्तर | | √ |
| महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् / छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको । | ०.५ | सामाजिक विभेद अन्त्य, समविकास र लैससास परीक्षण गर्न लैससास नीति तथा कानुन निर्माण गर्ने । | सामाजिक विकास शाखा | कार्यपालिका / सभा | गाउँपालिका कार्यालय | २०८२ आषाढ | विज्ञ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे / नरहेको | ० | स्थानीय श्रम नीति तथा कार्यनीति निर्माण गरि कार्यान्वयन र समिक्षा गर्ने । | विधायन समिति र प्रशासन शाखा | कार्यपालिका / सभा | गाउँपालिका कार्यालय | २०८२ आषाढ | विज्ञ | |
| योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए /नगरिएको । | ० | महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषण गरी सो आधारमा आवश्यकता पहिचान र कार्यक्रम प्राथमीकीकरण गर्ने । | वडा सचिव | वडा समिति | वडा सचिव, योजना शाखा | २०८२ बैशाख | | √ |
| स्थानीय तहले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे । नगरेको । | ० | पदाधिकारी तथा कर्मचारीहरुलाई दीगो विकास लक्ष्यका वारेमा अभिमुखीकरण गर्ने र लक्ष "५" को स्थानीयकरणका लागि लैससास नीति, रणनीति वनाउन आवश्यक बजेट विनियोजन गर्ने । | सामाजिक विकास साखा | कार्यपालिका | गाउँपालिका | २०८२ पुष मसान्त | विज्ञ | √ |
| स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए / नगरिएको र सोको कार्यान्वयन भए/ नभएको । | ० | नियमानुसार लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण गर्ने र लैससास परीक्षण नियमित गर्ने । | योजना । सामाजिक विकस शाखा | सभा तथा कार्यपालिका | योजना । सामाजिक विकस शाखा | २०८२ आषाढ | | √ |
| परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए /नगरिएको र सो को कार्यान्वयन भए/नभएको | ० | क्षमता विकास कार्ययोजना निर्माण गर्ने र कार्यान्वयनका लागि बजेट छुट्याउने । | योजना । सामाजिक विकस शाखा | सभा तथा कार्यपालिका | गाउँपालिका | २०८२ आषाढ | परामर्श | |
| स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिए /नगरिएको | ० | नीतिगत रुपमा नै व्यवस्था गरी लक्षित कार्यक्रमहरु संचालन गर्न पुँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने । | योजना शाखा | सभा तथा कार्यपलिका | गाउँपालिका | २०८२ आषाढ | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिए / नगरिएको । | ०.५ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफलको आयोजना गर्ने । | योजना शाखा | योजना त. समिति | वडा सचिवङ योजना शाखा | बैशाख | | √ |
| आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको । | ०.० | स्थानिय तहको योजना तर्जुमा दीग्दर्शनलाई पुर्णरुपमा अनुसरण गरी लैससासका मापन योग्य सूचक सहित नीति तथा कार्यक्रम बनाउने । | योजना शाखा | सभा तथा कार्यपालिका | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | परामर्शदाता | |
| **२. संस्थागत व्यवस्था** | | | | | | | | |
| महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहे/नरहेको । | ० | सकारात्मक विभेद सहितको समविकास कार्यनीति बनाई कार्यान्वयन गर्ने । | प्र. प्र.अ. | कार्यपालिका | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | | √ |
| स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ। छैन ? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरे /नगरेको । | ० | पुर्ण जिम्मेवारीका साथ लैससास कार्यान्वयन समिति बनाउने र कार्यालयमा लैंगिक विकास डेस्क स्थापना तथा जनशक्ति व्यवस्थापन गर्ने । | प्र. प्र.अ. | कार्यपालिका | गाउँपालिका | २०८२ जेठ | | √ |
| स्थानीय तहबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरे/नगरेको । | ० | कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको यौन दुर्व्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्ने । | प्र. प्र.अ. | कार्यपालिका | गाउँपालिका | २०८२ चैत्र | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्वन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे /नगरेको । | ० | सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्वन्धी कार्यमा समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी नीतिगत र कार्यगत सुझाव दिने र ती सुझावहरुको कार्यान्वयन सुनिश्चित गर्ने । | समितिहरु, प्र.प्र. अ. | कार्यपालिका | गाउँपालिका | निरन्तर | | √ |
| स्थानीय तहले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे /नगरेको र कम्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने गरे/नगरेको । | ० | खण्डीकृत तथ्यांक सहित गाउँ पार्श्वचित्र अद्यावधिक गर्ने र सोही तथ्यका आधारमा योजना तर्जुमा गर्ने । | प्रप्रअ | कार्यपालिका तथा सभा | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | विज्ञ | |
| स्थानीय तहमा लैङ्गिक हिँसा निवारण,महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि बार्षिक विनियोजन ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गरी कार्यान्वयन भए/नभएको । | ०.५ | कोष स्थापना गर्ने र कार्यविधी वनाई कार्यान्वयन गर्ने । | सामाजिक विकास शाखा | कार्यपालिका | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | | √ |
| स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिए/नलिएको र सो वमोजिम कार्यान्वयन भए/नभएको । | ०.५ | १.कर्मचारी पदपुर्ती कार्यविधि तयार गर्ने ।<br>२.कर्मचारी नियुक्ति गर्दा समानुपातिक समावेशी प्रतिनिधित्व हुने गरी कोटा निर्धारण गर्ने । | विधायन समिति / कर्मचारी प्रशासन साखा | सभा/ कार्यपालिका | गाउँपालिका | २०८२ असार | | √ |
| **३. मानव संसाधन तथा क्षमता विकास** | | | | | | | | |
| लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे/नगरेको र छुट्टै शिर्षकमा बजेट विनियोजन भए/नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए /नआएको । | ० | • लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार,<br>• बजेट विनियोजन र खर्च गर्ने कार्यविधि बनाई कार्यान्वयन गर्ने । | सामाजिक विकास शाखा | कार्यालिका | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | विज्ञ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तालिमका विषयवस्तुमा महिलाका आवश्यकता तथा सवालहरु समेटिए/नसमेटिएको र प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग भए/नभएको तथा तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिए/नलिएको । | ० | गाउँपालिकाले आयोजना गर्ने सवै तालिमका विषयवस्तुमा लैससास cross cutting को रुपमा अनिवार्य समावेश गराउने । तालिम म्यानुअलमा लैंगिक संवेदनशील भाषाको प्रयोग गराउने । | लैससास संपर्क व्यक्ति | कार्यपालिका | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | | √ |
| स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी तालिम संचालन लगायतका कार्यक्रम कार्यान्वयन गर्न सक्ने यथेष्ट जनशक्ति भए/नभएको । | ० | • मौजुदा जनशक्तिको क्षमता विकासका गर्ने ।<br>• विज्ञ जनशक्ति खरिद गर्ने । | सामाजिक विकास शाखा | कार्यालिका | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | | √ |
| स्थानीय तहमा मानव संसाधन विकास केन्द्र/ शाखा/इकाइको व्यवस्था भए/नभएको र ति निकायमा जनशक्ति व्यवस्था गरे/नगरेको | ० | मानव संशाधन विकास केन्द्र वा ईकाई जनशक्ती र कार्यक्रमसाथ स्थापना गर्ने । | प्रप्रअ | कार्यपालिका | गाँउपालिका | आ. ब. २०८१ ।०८२ | | √ |
| स्थानीय तहमा महिला र लक्षित समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे/नरहेको र सो कार्यक्रम कार्यान्वयन भए /नभएको | ० | महिला तथा लक्षित समुदायका ईच्छुक व्यक्तिहरुलाई लोकसेवा परीक्षा तयारी कक्षाहरु संचालन गर्ने । | प्रप्रअ | कार्यपालिका | गाँउपालिका | आ. ब. २०८१ ।०८२ | शिक्षक | |
| महिला हक हित र अधिकार सम्वन्धी बेइजिङ्ग घोषणापत्रले समेटेका वाहवटा प्रतिवद्दताका सम्वन्धमा स्थानीय तहका पदाधिकारी/ कर्मचारीलाई जानकारी भए/नभएको र सोको अभिमुखीकरण गरे/ नगरेको | ० | महिला हक हित र अधिकार सम्वन्धी बेइजिङ्ग घोषणापत्रले समेटेका वाहवटा प्रतिवद्दताका सम्वन्धमा पदाधिकारी/ कर्मचारीलाई अनुशीक्षण गर्ने । | सा वि शाखा | कार्यपालिका | सा वि शाखा | आ. ब. २०८१ ।०८२ | स्रोत व्यक्ति | |
| महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरे/नगरेको | ० | महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारणका लागि बजेट विनियोजन गरि कार्यान्वयन गर्ने । | प्रप्रअ | कार्यपालिका | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लैङ्गिक हिंसामुक्त गाऊ/नगरपालिका घोषणा गरे/नगरेको र महिला हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति लिए/नलिएको | ० | १.लैङ्गिक हिंसा निवारण कार्यविधि वनाउने ।<br>२.महिला हिंसा संग सम्वन्धित ब्रुसर वनाउने ।<br>३.कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा निवारण ऐन २०७१ का विषयमा कर्मचारी तथा जनप्रतिनिधिलाई अनुशिक्षण गर्ने । | लैससास संपर्क व्यक्ति | कार्यपालिका /प्रमुख प्रशासकीय अधिकृत | विधायन समिति/ सामाजिक विकास साखा | आ. ब. २०८१ ।०८२ | विषय विज्ञ | |
| स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, स्थानीय तहले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको सम्वन्धमा अभिमुखीकरण गरे/ नगरेको | ० | प्रचलित महत्वपूर्ण ऐन, नियम, कानूनहरूको सम्वन्धमा जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । | प्रप्रअ | कार्यपालिका | प्रप्रअ, गाउँपालिका | आ. ब. २०८१ ।०८२ | विषय विज्ञ | |
| स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम (कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिंसा, आदि) संचालन भए/नभएको । | ० | प्रत्येक वडामा महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रमः कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिंसा, आदि संचालन गर्ने । | सा व शाखा | कार्यपालिका | सा वि शाखा | आ. ब. २०८१ ।०८२ | स्रोत व्यक्ति | |
| समुदायमा आधारित विपद व्यवस्थापन सम्वन्धी कार्य संचालन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायलाई सहभागी गराई उनीहरूलाई पहिलो प्राथमिकतामा राखे/नराखेको । | ० | विपद व्यवस्थापन सम्वन्धी अनुशिक्षण, प्रभावितलाई राहत वितरण गर्दा महिला तथा लक्षित वर्ग वा समुदायलाई सहभागी गराई उनीहरूलाई पहिलो प्राथमिकतामा राखे । | बातावरण, प्रशासन, विपद समिति | कार्यपालिका | गाउँपालिका | निरन्तर | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय तहका कार्यपालिका सदस्य,सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समस्या समाधान लगायतका बिषयवस्तु उपर अभिमुखीकरण गरे। नगरेको | ०.० | १.स्थानीय तहका कार्यपालिका सदस्य,सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समस्या समाधान लगायतका बिषयवस्तु उपर अभिमुखीकरण गर्ने । | न्यायिक समिति /कानुन साखा | प्रमुख प्रशासकीय अधिकृत | कानुन साखा | आ. ब. २०८१ ।०८२ | विषय विज्ञ खर्च (मासिकरी) | |
| विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय हुने गरे। नगरेको । | ०.० | १.विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय गर्ने । | विपद व्यवस्थापन संपर्क व्यक्ती | प्रमुख प्रशासकीय अधिकृत | विपद व्यवस्थापन समिति | आ. ब. २०८१ ।०८२ | | √ |
| **४. सेवा प्रवाह** | | | | | | | | |
| स्थानीय तहको कार्यालय, अस्पाताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाइ लक्षित गरी अलग्गै स्तनपानकक्षको व्यवस्था गरे नगरेको र सो को कार्यन्वयन भए/नभएको । | ० | गाउँपालिका कार्यालय परिसरमा अलग्गै एक स्तनपान कक्ष स्थापना गर्ने । अन्य सार्वजनिक सँस्थाहरुलाई पनि यस कार्यका लागि अभिप्रेरित गर्ने । | स्वास्थ्य शाखा | कार्यपालिका | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | | √ |
| स्थानीय तहका सबै गाउँ, वस्ती तथा टोलटोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारी, कौसीखेती तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता अभिवृद्धि गर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन हुने गरे /नगरेको । | ० | फोहोरमैला व्यवस्थापन सम्बन्धी अनुशिक्षण कार्यक्रम वडास्तरमा संचालन गर्ने । | सामाजिक विकास साखा | कार्यपालिका | स्थानीय युवा क्व, टो.वि.सँ./ सामाजिक विकास साखा | आ. ब. २०८१ ।०८२ | विषय विज्ञ | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गरे/नगरेको । | ० | • वैदेशिक रोजगारी साक्षरता कार्यक्रम गर्ने ।<br>• सीप विकास तालिम संचालन गर्ने ।<br>• सम्पर्क डेस्क स्थापना गर्ने । | प्रम रोजगार सं. व्यक्ति | कार्यपालिका | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | स्रोत व्यक्ति | |
| गरिब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति रहे/नहरेको र सो अनुरूप कार्यक्रम कार्यान्वयन भए/नभएको । | ० | गरिब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरूप प्रत्येक वडामा एउटा सुपथमूल्य सहकारी पसल स्थापना गर्ने । | प्रप्रअ | कार्यपालिका | सहकारी सँस्थाहरु | आ. ब. २०८१ ।०८२ | | √ |
| महिला, आर्थिकरूपले विपन्न घर परिवार लगायत लक्षित समुहको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट व्यवस्था गरे/नगरेको तथा सोको कार्यान्वयन गरे/नगरेको । | ०.५ | • विपन्न वर्गलाई स्वास्थ्य विमा सचेतीकरण, सहजीकरण र सहयोग कार्यक्रम गर्ने ।<br>• प्राथमिक अस्पतालमा जनशक्ती तथा सेवा बृद्धि गर्ने । | स्वास्थ्य शाखा | कार्यपालिका | गाउँपालिका | आ. ब. २०८१ ।०८२ | | √ |
| स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्वन्धी नक्सा स्वीकृत गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधान सहित स्विकृति दिने गरे/गरेको तथा सो वमोजिम निर्माण कार्य हुने गरे/नगरेको । | ०.५ | घर नक्शापास कार्यविधि वनाई लागु गर्ने । | पूर्वाधार विकास शाखा | कार्यपालिका तथा सभा | पूर्वाधार विकास शाखा | निरन्तर | | √ |
| स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरे/नगरेको । | ०.५ | प्राविधिक शाखाका कर्मचारीहरुलाइ लैससासमैत्री भवन निर्माण सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | प्राविधिक शाखा | प्रमुख प्रशासकीय अधिकृत | प्राविधिक शाखा | २०८२ असारस सम्म | प्राविधिक परामर्श सेवा दिने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय तहले आफ्नो क्षेत्र भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका तथा लक्षित समूदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामाग्री तथा पोसाक र छात्रबृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रवन्ध मिलाए /नमिलाएको । | ०.५ | आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका पहिचान गरी दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामाग्री तथा पोसाक र छात्रबृत्तिको गर्ने । | शिक्षा शाखा | कार्यपालिका | शिक्षा शाखा | आ. ब. २०८१ ।०८२ | | √ |
